(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित)

जि.प्र.का.दर्ता न ५८/२०६३

सहिद

SAHID WEEKLY साप्ताहिक

शुभाय्

जन साहित्य गोष्ठीया ग्वसालय् जुगु प्यक्वःगु नेपालभाषा साहित्य मूँज्या व सांस्कृतिक ज्याझ्वः सुथं लाक्क तालाकेतः झाया दिइपिं मू पाहाँ, पाहाँ, च्यवमि भाजु/मय्जुपिं अले हापँ(आर्थिक) ग्वाहाली याना दिइपिं नापँ प्याखँ म्वःपिन्त यक्वः यक्वः शुभाय् देछाना ।

वर्ष १४, अंक ४२, पृष्ठ-६ ने.सं. ११३८ शिल्ला थ्वः, नवमी, वि. सं. २०७४ माघ १२ गते शुक्रबार JAN 2018 मूल्य रू. ५।-

राजनीति जस्तै साहित्य पनि वर्गीय हुने





कीर्तिपुर । जन साहित्य गोष्ठी कीर्तिपुर पाँगाको आयोजनामा चौंथो नेपालभाषा साहित्य सम्मेलन शनिबार पाँगामा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले राजनीतिजस्तै साहित्य पनि वर्गीय हुने बताउनुभयो ।

उहाँले कामदार वर्गका जनताको हित र उत्थानका लागि लेखिने साहित्य मार्क्सवादी साहित्य हुने बताउँदै मार्क्सवादी साहित्यलाई अगाडि बढाउने यस्ता सम्मेलन अगाडि बढाउनुपर्छ भन्नुभयो ।

उहाँले सर्वदलीय बैटकमा प्रदेश प्रमुख र राजधानी तोक्न सरकारलाई सहमति दिएको र सरकारले त्यही अनुसार निर्णय गर्दा एमालेका नेता कार्यकर्ताहर अराजनीतिक क्रियाकलापमा ओर्लनु उनीहरुको दोहोरो चरित्र हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी सांस्कृतिक संघका केन्द्रीय अध्यक्ष एवं प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले क्रान्तिकारीहरुले लेख्न सुरु नगरेसम्म क्रान्तिकारी साहित्य नजन्मने चर्चा गर्दै साहित्य बहुमत शोषित पीडित जनताको मुक्तिका निम्ति हुनुपर्छ भन्नुभयो ।

कार्यक्रममा प्रा.डा. रामकृष्ण महर्जनले नेपालभाषा साहित्य सम्मेलनले नेवारी साहित्य विकास हुन्छ तर हामीले सबै भाषाभाषीको साहित्य विकास शिक्षा लिनुपर्ने बताउनुभयो ।

प्राचार्य नन्दकुमारी महर्जनले नेपालभाषा साहित्य सम्मेलन चौंथो पटक गर्नसक्नुमा

क्रमशः पृष्ठ ६ मा

नेमकिपाका सांसदले गरे जनताको नाममा सपथ



हेटौंडा । देशैभरि माघ ७ गते प्रदेशसभाका सदस्यहरुको सपथ ग्रहण कार्यक्रम भइरहेको छ । प्रदेश नं. ३ को सपथ ग्रहण अस्थायी राजधानी हेटौंडामा सम्पन्न भएको हो। प्रदेश सभा सदस्यहरुमध्ये सबभन्दा ज्येष्ठ सदस्य डोरमणि पौडेलले अरु सबै सदस्यहरुलाई सपथ गराउनुभएको थियो ।

नेपाल मजदुर किसान पार्टीका प्रदेश सभा सदस्यहरु सुरेन्द्रराज गोसाई र सृजना साँयजूले सपथको बेहोरामा रहेको 'ईश्वरको नाममा' भन्ने शब्दावलीको सट्टामा 'देश र जनताको नाममा' भनी सपथ ग्रहण गर्नुभएको छ ।

प्रदेश नं. ३ को पहिलो बैठक आगामी माघ २३ गते बस्ने तय भएको छ ।

सपथ ग्रहण कार्यक्रममा प्रदेश नं. ३ का प्रदेश प्रमुख अनुराधा कोइरालाको पनि सहभागिता थियो ।

पाँगावासी १०६ जनालाई मुद्दा !

पाँगा । कीर्तिपुर नगरपालिका वडा नं. ५ (साविक वडा नं. ११) घुसीटोल निवासी श्रीकृष्ण कसाई र मोतिमाया कसाईले कित्ता नं. ९५ क्षेत्रफल १०-३-०-० रोपनी जग्गा आफ्नो भनी १०६ जना टोलवासीलाई मुद्दा हालेका छन् ।

भिमदास कसाईका नाती, ज्ञानबहादुर कसाईका छोरा श्रीकृष्ण कसाई र उनको आमा मोतिमायाको बारेस लिई श्रीमती दुर्गा कसाईले सो जग्गा र जग्गामा निर्मित घरहरु समेत आफ्नो दावी गरी मिति २०७४ पुस १७ गतेमा काठमाडौं जिल्ला अदालतमा मुद्दा हालेको थियो ।

मुद्दामा १ नं. नापी टोली, कीर्तिपुर नगरपालिका, कीर्तिपुर नगरपालिका कार्यालय वडा नं. ११, ४ नं. नापी कार्यालय कलंकी, मालपोत कार्यालय कलंकी, नापी विभाग मिनभवन, भूमिसुधार तथा व्यवस्था मन्त्रालय सिंहदरवार र मालपोत विभाग बबरमहल गरी ८ वटा सरकारी निकाय र १०६ जना टोलवासीलाई विपक्षी बनाएको फिराद पत्रमा उल्लेख छ ।

मुद्दाको शीर्षकमा के लेखेको छ ?

दुषित निर्णय दर्ता बदर फिराद पत्रमा भनिएको छ- '२०२२ सालमा भएको पहिलो नापी हुँदाको बखत काठमाडौं जिल्ला पाँगा



बालकुमारी वडा नं १ ख को कि.नं. ९५ क्षेत्रफल १०-३-०-० कायम भई नाप नक्सा भएको जग्गा नापीमा उपस्थित भई लेखाई देखाई गर्न नसक्दा गाउँ भनी उल्लेख भई नापी भएको हो । हाल उक्त किता नं ९५ को कीर्तिपुर नपा वडा नं ११ सिट नं. १०२-१२२२-११ मा नापी भई कित्ता नं. १ देखि ४३ सम्मका कित्ताहरु सिट नं. १०२-११२२२-१५ मा कित्ता नं १०८ देखि १५६ सम्मका, सिट नं. १०२-१२२१-१५ मा कित्ता नं. १५७, १५८, १५९, १६०, १६२, १६३, १६४, २७६, २७७, ३०८, ३०९, ३१०, ३२४, ३२५ नापी भै कित्ता कायम भैसकेको छ ।

फिराद पत्र माघ ७ गते अदालतबाट खटिआएका २ जना कर्मचारीले सम्बन्धित व्यक्तिहरुलाई बुझाइसकेका छन्।

सो मुद्दा विरुद्ध फिराटपत्रमा उल्लेख भएका व्यक्तिहरुले आफूसँग भएको प्रमाण जुटाई प्रतिउत्तर मुद्दा खेल्ने भएका छन् ।

साक्षी को-को थिए ?

८ वटा सरकारी निकाय र १०६ जना स्थानीय घर र जग्गाधनीलाई हालेको मुद्दामा दैलेख जिल्ला तिलेपटा गाविस वडा नं. ५ बस्ने वर्ष ३६ को कलम बहादुर शाही, काठमाडौं जोरपाटी वडा नं. ४ बस्ने वर्ष ४० को सानु घिमिरे र काठमाडौं जिल्ला कामनपा वडा नं. १९ गणेशस्थान बस्ने वर्ष १९ की मञ्जु खड्गी देखि जान्नेहरु भनी साक्षी बसेका छन् ।

भूकम्प दिवसमा रक्तदान सम्पन्न



कीर्तिपुर । शहीद स्मारक कलेज, ओनस नेपाल र कीर्तिपुर नगरपालिकाको संयुक्त आयोजनामा २० औं राष्ट्रिय भूकम्प दिवसको अवसरमा कलेजको प्राङ्गणमा रक्तदान कार्यक्रम शनिबार सम्पन्न भयो ।

रक्तदानमा ५५ जना रक्तदाताहरुले रक्तदान गरेको आयोजकले जनाएको छ ।

रक्तदान कार्यक्रम कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनको आतिथ्यमा भएको थियो ।

रक्तदान कार्यक्रममा सभागी मध्ये गोलाप्रथाद्वारा छनौट तीन जना रक्तदाताहरु शंकर गुरुङ्ग, मुकेश महर्जन र लोकेश महर्जनलाई झटपट झोला उपहार स्वरुप प्रदान गरिएको थियो ।

राष्ट्रिय सभा मनोनयन दर्ता सम्पन्न ५६ को लागि ८३ उम्मेदवार

काठमाडौं । राष्ट्रिय सभाको निर्वाचन यही माघ २४ गते निर्वाचनको लागि कार्यतालिकाअनुसार माघ १० गते मनोनयन दर्ता कार्य सम्पन्न भएको छ ।

५६ जना निर्वाचित हुनेमा सात वटै प्रदेशमा ८३ जनाको उम्मेदवारले मनोनयन दर्ता गरेका छन् ।

सात वटै प्रदेशमा ९ वटा पार्टीले आ-आफ्नो उम्मेदवार दर्ता गरेका छन् ।

प्रदेश नं. १ मा १२ जना, प्रदेश नं. २ मा ९, प्रदेश ३ मा १७, प्रदेश ४ मा १२, प्रदेश नं. ५ मा ११, प्रदेश ६ मा १२ र प्रदेश नं. ७ मा १० गरी ८३ जनाको उम्मेदवारी परेका छन् ।

५६ जनाको मध्ये महिला र पुरुष खुलामा एकल संक्रमणीय प्रणाली र अन्यमा बहुमतीय प्रणालीबाट निर्वाचित हुने छन् भने ३ जना सरकारको निर्णय अनुसार सिफारिसमा राष्ट्रपतिले मनोनित गरिनेछ ।

प्रत्येक प्रदेशबाट ८/८ जना निर्वाचित भएर आउने छन् ।

राष्ट्रिय सभाको निर्वाचनमा देशभरबाट २०५६ जना मतदाता रहेका छन् ।

प्रदेश नं. १ मा ३६७ जना मतदाता छन् भने २ मा ३७९, ३ मा ३४८, ४ मा २३०, ५ मा ३०५, ६ मा १९८ र ७ मा २२९ जना गरी ५५० जना प्रदेश मतदाता रहेका छन् ।

त्यसैगरी महानगर, उपमहानगर र नगरपालिकाका प्रमुख र उपप्रमुख र गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष गरी १०५६ जना मतदाता रहेका छन् ।

प्रदेश ३ को प्रदेशसभा यही १८ गते

काठमाडौं । प्रदेश नं. ३ को प्रदेश सभा यही १८ गते मध्यमाञ्चल क्षेत्रीय केन्द्र हेटौंडामा बस्ने भएको छ ।

सपथ ग्रहण गरेको २१ दिनभित्र प्रदेशसभाको बैठक डाक्नुपर्ने नियमानुसार सो दिन प्रदेशसभाको बैठक बोलाइएको हो । प्रदेश सभाको बैठकमा सबै प्रदेशसभा सदस्यहरुलाई अनिवार्य उपस्थित हुन प्रदेश प्रमुख अनुराधा कोइरालाले अनुरोध गरेको छ ।

प्रदेश सभा सदस्यको सपथ ग्रहण माघ ७ गते प्रदेश नं. ३ को अस्थायी मुकाम मकवानपुर जिल्लाको हेटौंडामा गरिएको थियो ।

ऐतिहासिक जनअन्दोलन २०४६
चैत्र २० गते शहादत अमर सहिद



लनबहादुर महर्जन वि सं. २००६ माघ | हिराकाजी महर्जन वि सं. २०१७ माघ | राजमान माली वि सं. २०२५ मंसिर | राजेन्द्र महर्जन वि.सं. २०३० चैत

सहिद साप्ताहिक

वर्ष १४, अंक ४२, २०७४ माघ १२ गते शुक्रबार

शंखापुर प्रकाशन समूहको लागि

सम्पादक/प्रकाशक: नारायण महर्जन

कम्प्यूटर टाइप/सेटिङ्ग: सहिद डेक्सटप

सम्पर्क कार्यालय: जहुँ हिटी युवा क्लब - ११

पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२

E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com

www.kipushahid.blogspot.com

मुद्रण : शर्मिला प्रिन्टर्स्, डल्लु, काठमाडौं

सम्पादकीय...

सरकारको अनुदान ढिला

भूकम्प पीडितलाई उपलब्ध गराउँदै आएको अनुदान रकम ढिला भएपछि भूकम्प पीडितको निर्माण कार्य प्रभावित बनेको छ ।

सरकारले भूकम्प पीडित पुन:निर्माणको लागि सुरुमा पहिलो किस्ता ५० हजार प्राविधिक निरीक्षणले नाम निस्केकालाई दिएको थियो । दोस्रो किस्ता पाउन पहिलो पाएकाले घर निर्माणको डिपीसी पुरा गरेको हुनुपर्नेछ । दोस्रो किस्ता १ लाख ५० हजार घर निर्माण नगरेकोले पाउँदैन भने निर्माण गरेर डिपीसीपुरा गरी नाम निस्केपछि पनि उपलब्ध नगरेको र ढिला भैरहेको जन गुनासो बढ्न थालेको छ ।

तेस्रो किस्ता १ लाख पाउन निर्माण सम्पन्न गर्नुपर्नेछ । यो अनुदान पाउन अझै ढिला हुनेछ । सरकारको यो तीन किस्ते अनुदान भूकम्प प्रतिरोधी निर्माण गरिने हो भने जगको काममा पनि पुग्दैन । अनि कसरी घर बन्छ र कसरी अनुदान रकम पाउन सकिन्छ ।

राज्यसँग प्रशस्त पैसा छ । दातृ राष्ट्रले गरेको सहयोग रकमलाई राज्यको क्षमतानुसार निर्माण गर्नतिर लागेको भए एउटा एउटा घर बनिसक्थ्यो ।

पुरानो किस्ता दिन नै ढिला र आलटाल गरिरहेको अवस्थामा सामुहिक जमानीमा निर्ब्याजी तीन लाख रुपैयाँ र फेरि माघ १० गतेको मन्त्रिपरिषदबाट भूकम्प र बाढी पीडितको लागि थप १ लाख अनुदान दिने निर्णय गरेको छ ।

राज्यबाट दिन सकिने सेवा सुविधाको निर्णय गर्नु राम्रो हो तर कार्यान्वयनमा पनि त्यतिकै सहज हुनुपर्दछ ।

डिस्चार्ज सर्टिफिकेट हराएको सूचना

यही मिति २०७४ भाद्र ८ गते कीर्तिपुरबाट बल्खु जाँदा मेरो निम्न व्यहोरा भएको इन्डियन आर्मी डिस्चार्ज सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनरोध गर्दछु ।

नाम: कृष्ण प्रसाद थापा मगर
ठेगाना: लुम्ले-८, कास्की
हाल: कीर्तिपुर नपा, मिलनचोक
आर्मी नं.: ५४५१०१७ Y
TS No.: १७३११०
सम्पर्क नं.: ९८४६३५००२२

भद्दा र कुरूप बन्दै राष्ट्रिय राजनीतिको अभ्यास

– बोर्णबहादुर कार्की

हालै सम्पन्न आमनिर्वाचनको परिणामअनुसार बामपन्थी गठबन्धनले १७४ संसद सदस्य र नेपाली काँग्रेस नेतृत्वको गठबन्धनले ९६ संसद सदस्य प्राप्त गरेको छ । प्रतिनिधि सभाको प्रत्यक्ष र समानुपातिक गरी जम्मा २७५ सिट संख्या छ । सरकार निर्माणको लागि बहुमत ५१ प्रतिशत पुऱ्याउनुपर्ने आवश्यक संसद संख्या १३८ मात्र हो ।

प्रतिनिधि सभामा वामपन्थी गठबन्धनको ६३.२७ प्रतिशत सदस्य संख्या छ । बामपन्थी गठबन्धनको दुईतिहाई पुग्न ४ प्रतिशत मात्र कमी छ । यो निर्वाचन परिणामले शक्तिशाली वामपन्थी गठबन्धनको सरकारको लागि जनादेश दिएको छ । नेपाली काँग्रेसमा कमजोर प्रतिपक्षको जनादेश अभिव्यक्त भएको छ । जनमत गुमाइसकेको काँग्रेसी नेतृत्व निर्वाचन परिणाम सार्वजनिक भएको एक महिनाभन्दा बढी समयदेखि सत्ता सञ्चालन गरिरहेको छ ।

संविधानमा रहेका सामान्य कमजोरीलाई बहानाबाजी बनाएर काँग्रेस नेतृत्वले गरिरहेको अलोकतान्त्रिक अभ्यासले सिङ्गो राष्ट्रिय राजनीतिलाई भद्दा र कुरूप बनाउँदैछ ।

लोकतन्त्रको आधारभूत सिद्धान्त, मूल्य र मान्यता जनमत अनुसार राज्य व्यवस्था सञ्चालन गर्नु हो । जनमतको जति बढी कदर र सम्मान गरिन्छ, उति बढी लोकतान्त्रिक अभ्यास दिगो, टिकाउ र प्रभावकारी हुन्छ । जनमतको विपरीत राज्य व्यवस्था सञ्चालन गर्दा लोकतन्त्रको मूल जग नै भत्किन सुरूवात गर्छ ।

सरकारमा रहने सवैधानिक र नैतिक आधार गुमाइसकेको काँग्रेस नेतृत्वले प्रायोजित कारणहरू देखाएर अनुचित तरिकाले आफ्नो सत्ताको आयु केही महिना र केही दिन भए पनि लम्ब्याउने जुन प्रयास गऱ्यो, यसले लोकतान्त्रिक मर्ममा नराम्ररी चोट पुगेको छ । त्यसमा पनि वामपन्थी गठबन्धनको पक्षमा जनमत अभिव्यक्त भएकोमा त्यस्तो अभिमतलाई निष्फल गराउन काँग्रेस नेतृत्वले वामपन्थी गठबन्धन भत्काउन जुन प्रकृतिको हरकत गर्दै छ, त्यो कम आपत्तिजनक छैन । जनमतको उल्लंघन गर्ने प्रवृत्ति अलोकतान्त्रिक चरित्र र व्यवहार हो ।

आमनिर्वाचनमा वामपन्थी गठबन्धन र नेपाली काँग्रेस नेतृत्वको गठबन्धनले आ-आफ्नो नेतृत्वमा सरकार गठन गर्ने प्रतिवद्धताका साथ जनतासँग मत मागेका हुन् । उनीहरुका मौखिक अभिव्यक्तिबाट मात्र होइन, लिखित निर्वाचन-घोषणापत्र यसका राजनीतिक र नैतिक बन्धनहरू हुन् ।

आमनिर्वाचनमा वामपन्थी गठबन्धन सरकारको पक्षमा सर्वाधिक जनमत अभिव्यक्त भएको अवस्थामा त्यसको विपरीत सरकार गठन गर्न चलखेल गर्नु लोकतान्त्रिक अभ्यासलाई विकृतिमूलक बनाउनु हो ।

प्रतिपक्षमा रहनुपर्ने जनादेश प्राप्त गरेको काँग्रेस नेतृत्वले वामपन्थी गठबन्धनलाई टुटाएर सत्ताको लोभ लालच गर्नु राजनैतिक नैतिकताबाट च्यूत हुनु हो ।

त्यसैगरी वामपन्थी गठबन्धनलाई टुटाएर प्रतिपक्षमा रहने जनादेश प्राप्त गरेका पार्टीको सहयोगमा सत्तामा जान खोज्नु जनमतको घोर अपमान गर्नु हो । यसरी राष्ट्रिय राजनीति जनमतको विपरीत दिशामा धकेल्ने जुन दुश्प्रयास भइरहेको छ, यसले लोकतन्त्रको भविष्यमाथि नै प्रश्नचिन्ह खडा गरेको छ ।

लोकतान्त्रिक अभ्यासका लागि पार्टीहरू र नेतृत्व परिपक्व नभएको वा विगतका राजनीतिक अभ्यास, संस्कार र संस्कृति अलोकतान्त्रिक भएको कारणले हो । यस सन्दर्भमा यी प्रश्नको पनि उत्तर खोज्नु सान्दर्भिक हुन्छ ।

नेपाली राजनीतिमा लोकतान्त्रिक अभ्यासको शुरुवात भएको त्यति लामो समय भएको छैन । २०१५ सालको आमनिर्वाचनको जनमत अनुसार गठन भएको नेपाली काँग्रेसको सरकारलाई छोटो समयमा नै दरबारले 'कू' द्वारा अपदस्थ गरिएकोले त्यतिबेला लामो समयसम्म लोकतान्त्रिक अभ्यास नै हुन पाएन । त्यसपछिको ३० वर्षे पञ्चायती शासनकालमा लोकतान्त्रिक अभ्यास हुने कुनै गुञ्जायस नै थिएन । उल्लेखनीय रुपमा लोकतान्त्रिक अभ्यासको शुरुवात ०४६ सालको राजनीति परिवर्तन पछि नै शुरुवात भएको हो ।

राजनीतिक नेतृत्वले लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात गरेको अवस्थामा मात्र लोकतान्त्रिक अभ्यासले सोही दिशा र गति लिन सक्दछ । जनादेशको विनाहिचकिचाहट पालना गर्ने र देश जनतालाई केन्द्रविन्दूमा राखेर गरिने राजनीति नै सही लोकतान्त्रिक अभ्यास हो । यी आधारभूत कुराहरुलाई वेवास्ता गर्दा लोकतान्त्रिक अभ्यास विसंगतिपूर्ण हुन्छ ।

०४६ सालपछि नेपाली राजनीतिमा गरिएको राजनीतिक अभ्यास लोकतान्त्रिक मूल्यमान्यता अनुकूल हुन सकेन । यहींबाट नेपाली राजनीति लोकतान्त्रिक लिक (पटरी) बाट चिप्लिन शुरुवात गरेको हो ।

यस सन्दर्भमा केही उल्लेखनीय उदाहरणहरूको विषयमा चर्चा गर्नु उपयुक्त हुन्छ । बहुदलीय व्यवस्था पुनस्थापनाका लागि ०४६ सालमा भएको जनआन्दोलनमा गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईको नेतृत्व रहेको थियो । जनआन्दोलन सफलताको निर्णयक व्यक्तित्वहरू पनि उनीहरु नै थिए । यी द्वय मूर्धन्य व्यक्तित्वलाई विश्वास गरेर जनताले ०४७ सालको आमनिर्वाचनमा नेपाली काँग्रेसलाई बहुमत दिएका थिए । शक्तिशाली प्रतिपक्षका लागि जनताले जनआन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) लाई मत दिएका थिए । जनमतको विपरीत कृष्णप्रसाद भट्टराईलाई षड्यन्त्रपूर्ण तरिकाले निर्वाचनमा पराजित गरेर गिरिजाप्रसाद कोइरालाले सरकारको नेतृत्व गरे । पछि सत्ताका लागि जनमतको उल्लंघन गर्ने अलोकतान्त्रिक संस्कार र संस्कृतिको सुरूवात भयो ।

राजनीतिक व्यवस्था लोकतान्त्रिक तर अभ्यास यसरी अलोकतान्त्रिक हुँदा राष्ट्रिय राजनीति न हासको चाल न कुखुराको चलको अवस्थामा पुग्यो ।

प्रतिपक्ष रहेन जनादेश प्राप्त गरेको एमालेको पनि सकरात्मक भूमिका हुन सकेन । तत्कालीन प्रधानमन्त्री कोइरालाले प्रमुख प्रतिपक्ष एमालेलाई पेलेर जाने रणनीति अख्तियार गरे भने एमालेले सरकारलाई अवरोध खडा गर्ने नीति अख्तियार गऱ्यो । यसरी बहुमतको सम्मान र अल्पमतको कदर गर्ने लोकातान्त्रिक मूल्य मान्यताको अवमुल्यन भयो ।

अलोकतान्त्रिक अभ्यासका कारण नेपाली काँग्रेस आन्तरिक विवादमा नराम्ररी फस्यो । कार्यकाल पूरा नहुँदै सरकार मध्यावधि निर्वाचनमा जान बाध्य भयो । जनमतको अपहेलना गरेकैकारण २०५१ सालको मध्यावधि निर्वाचनमा नेपाली काँग्रेसको नराम्ररी हार भयो । यो काँग्रेसलाई जनताले दिएको उल्लेखनीय राजनीतिक दण्ड थियो । मध्यावधि निर्वाचनमा काँग्रेसको विकल्पमा जनमत नेपाल कम्युनिष्ट पार्टी (एमाले) को पक्षमा गयो र यो पार्टी संसदमा सबभन्दा ठूलो दल बनेको थियो । यो निर्वाचनमा प्रकट भएको जनमतअनुसार सरकारको नेतृत्व यो पार्टीले गर्नु उपयुक्त राजनीतिक अभ्यास हुन्थ्यो । बहुमत प्राप्त नगरेको अवस्थामा अन्य दलको सहयोगमा एमालेले सरकार सञ्चालन गर्नु आवश्यक थियो ।

बहुमत प्राप्त दलले झैं एमालेले सरकार सञ्चालन गर्ने अभ्यास गर्दा लोकतान्त्रिक अभ्यास विसंगतिपूर्ण भयो । सरकारको नेतृत्वमा गर्ने जनमत प्राप्त गरेको एमालेलाई सरकार सञ्चालनमा अवरोध खडा गर्ने नेपाली काँग्रेसले गरेका कसरतले लोकतान्त्रिक मूल्य र मान्यता संकटग्रस्त भए । एमालेले घोषणा गरेको मध्यावधि निर्वाचन जस्तो विशुद्ध राजनीतिक विवादमा अदालतले अनुचित हस्तक्षेप गर्दा राज्यका तीन अंग वीचको नियन्त्रण र सन्तुलन नराम्ररी खलबलियो ।

राजनीतिक जनमतको अपमान गर्दै एमालेलाई सरकारबाट विस्थापित गरी रा.प्र.पा. को समर्थनमा शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन गरियो । जनआन्दोलन विरोधी शक्ति रा.प्र.पा. र काँग्रेस विच सरकार गठनको लागि गठबन्धन हुनु लोकतन्त्रको भद्दा र कुरूप अभ्यास थियो । यहींबाट लोकतान्त्रिक अभ्यास द्रुत गतिमा ओरालो लाग्न शुरुवात गरेको हो । त्यसपछि जनअभिमत विरुद्ध दरबारको विरासत बोकेका नेता लोकेन्द्र बहादुर चन्द र सूर्य बहादुर थापाको नेतृत्वमा सरकार बन्नु जनमतको उपहास थियो । उनीहरुलाई सरकारको नेतृत्व गर्न दिने एमाले र काँग्रेस नै थिए । राजनीतिक विसंगति बनाउन यी दुबै पार्टीको कुनै न कुनै भूमिका रह्यो ।

अझ सत्ताका लागि एमालेलाई विभाजन गराई गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार बनाउँदा लोकतान्त्रिक अभ्यासमा थप विकृति र विसंगतिको थुप्रो लागेको थियो । आम निर्वाचन ०५६ ताका नेपाली काँग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको छवि निकै बिग्रिएको अवस्थामा थियो ।

आफूलाई भावी प्रधानमन्त्रीको रुपमा प्रस्तुत गर्दा निर्वाचनमा सफलता हासिल गर्न नसकिने मूल्याङ्कन गरी कोइरालाले भावी प्रधानमन्त्रीका रुपमा कृष्णप्रसाद भट्टराईलाई प्रस्तुत गरी निर्वाचन गराएका थिए । सरकारको नेतृत्व गर्ने व्यक्तिलाई अघि सारेर जनतासँग मत माग्नु सकारात्मक लोकतान्त्रिक अभ्यास थियो । यसबाट पार्टीलाई मात्र होइन, सरकारको नेतृत्व गर्ने व्यक्तिका आधारमा पनि जनताले मतदान गर्ने अवसर प्राप्त गरेका थिए ।

जनान्दोलन र अन्तरिम सरकारको सफलतापूर्वक नेतृत्व गरेका भट्टराईलाई पुन: प्रधानमन्त्री बनाउँदा अस्तव्यस्त, दिशाहीन र गतिहीन राष्ट्रिय राजनीतिमा केही सहजता आउने विश्वासका साथ जनताले नेपाली काँग्रेसलाई बहुमत दिएका थिए । केही समय भट्टराईलाई प्रधानमन्त्री बनाएर पुन: आफैं प्रधानमन्त्री बन्ने कोइरालाले जुन अभ्यास गरे, त्यो जनताप्रतिको विश्वासघात नै थियो ।

जनतालाई दिएको आश्वासन विपरीत सत्तामोहमा लिप्त हुँदा लोकतान्त्रिक अभ्यास विसंगतिपूर्ण भएन सत्ता प्रमुख र जनमत गौंण ठान्ने अलोकतान्त्रिक संस्कार र संस्कृति स्थापित भयो । यसरी लोकतान्त्रिक अभ्यास विकृति र विसंगतिबाट ग्रसित हुन थालेपछि राष्ट्रिय राजनीतिप्रतिको जनविश्वासमा अस्वाभाविकरुपमा ह्रास आयो । यिनै कारणले एकातर्फ माओवादी जनयुद्धप्रति आम जनता आकर्षित हुँदै गए र अर्कोतर्फ राजा ज्ञानेन्द्रको लागि निरंकुशता लाद्ने वातावरण बन्यो ।

यस्ता गलत लोकतान्त्रिक अभ्यासका कारण ०४७ सालमा पुनस्थापित बहुदलीय व्यवस्था झण्डै बाह्र वर्षमा नै धरासायीको स्थितिमा पुग्यो । राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनका लागि पूर्वाधार बनाउन यो स्थितिले निकै मलजल पुऱ्यायो । कम्युनिष्ट काँग्रेसको एकतामा ०६२/०६३ सालमा संयुक्त जनआन्दोलन नभएको भए अहिले पनि राजा ज्ञानेन्द्रको निरंकुश शासन यथावत रहिरहन सक्दथ्यो ।

गलत र त्रुटिपूर्ण लोकतान्त्रिक अभ्यासले राजनीतिक अवस्था नै धरासायी हुने यी उल्लेखनीय उदाहरणहरु हुन् । २०६२/६३ सालको जनआन्दोलनपछि पनि लोकतान्त्रिक अभ्यास सकरात्मक दिशातर्फ अघि बढ्न सकेन । पहिलो संविधान सभा निर्वाचनमा सबभन्दा बढि जनमत प्राप्त गरेको नेकपा (माओवादी) लाई सत्ता हस्तान्तरण गर्न गिरीजाप्रसाद कोइरालाले देखाएको हिचकिचाहट, माओवादी नेता प्रचण्डलाई प्रधानसेनापति काण्डमा प्रधानमन्त्री पद त्याग गर्न बाध्य पारिएको परिघटना, जनमत विपरीत गठबन्धन गरी बनेका माधव नेपाल, झलनाथ खनाल, र खिलराज रेग्मी नेतृत्वका सरकार यसका ज्वलन्त उदाहरणहरू हुन् ।

दोस्रो संविधान सभाको कार्यकालमा पनि भएका सत्ता केन्द्रित राजनीतिक खेलहरूले राष्ट्रिय राजनीतिलाई प्रदुषित बनाइदिएका छन् । विगतका गल्तीबाट शिक्षा लिई सही बाटो अबलम्बन गर्ने सचेतता अझै देखा परेको छैन । अहिले राष्ट्रिय राजनीति ०६२/६३ सालको जनआन्दोलनका उपलब्धीहरूलाई संस्थागत गर्ने संवेदनशील अवस्थाबाट गुज्रिरहेको छ ।

संविधान सभाद्वारा संविधान नै बनाउन नदिने ठूला ठूला प्रतिकुतालाई चिर्दै जारी भएको संविधान कार्यान्वयनको चरणमा छ । आमनिर्वाचनमा अभिव्यक्त जनमतअनुसार नयाँ सरकार निर्माणमा अवरोध खडा गर्दा आम जनतामा निराश र आक्रोश पैदा हुँदै गएको छ । यस्तो भद्दा र कुरूप राजनीतिक अभ्यासले राजनीतिक व्यवस्थामा नै संकटग्रस्त मात्र हुने मात्र होइन, निरंकुश शक्ति वा उग्रवादी शक्तिको उदयका लागि पूर्वाधार तयार हुने सम्भावना बढ्दै गएको छ ।

'मलामी पाउँदिन भन्दै आफ्नै शरीर नि जलाउन सक्छ'

भ्रम बेचेर स्वार्थको राजनीति गर्ने मनोरोगीहरुको नाममा

– अन्तरा

हिजोआज सामाजिक सञ्जालमा भक्तपुर क्षेत्र नं. २ का सांसद महेश बस्नेत उर्फ 'बस्नेत काजी' को बहुलठ्ठीपाराको चर्चा वा विरोध भाइरलै भएको छ । यस्तैमा सामाजिक सञ्जालमा खोजक हरिले एउटा गजल लेखे -

'बौलाहा हो ऊ,
उसले तस्वीर ती जलाउन सक्छ
चिच्याउँदै आफैले आफ्नो तक्दीर
नि जलाउन सक्छ ।'
त्यो विचारालाई के थाहा,
चर्च, गुम्बा र मश्चिद ?
आफैले पुजिरहेको भव्य मन्दिर
नि जलाउन सक्छ -
नामैले जेसुकै होस्, जब पशु
'पशु' नै बन्छ
भित्र मात्र होइन त्यसले बाहिर
नि जलाउन सक्छ
भो के कुरा गर्नु आखिर
त्यो बौलाहा 'महेश' को
मलामी पाउँदिन भन्दै आफ्नै
शरीर नि जलाउन सक्छ ।

सन्दर्भ थियो प्रदेश नं. ३ को राजधानी सरकारले भक्तपुर नभई हेटौंडा घोषणा गर्दा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को फोटोमा कालोमोसो दल्दै जलाएको ।

हुन त योभन्दा बढ्दा पागलपन के होला । त्यो पागलपन देखाउने फेरि अरु कोही होइन 'भक्तपुर क्षेत्र नं. २ का सांसद, जो अत्यधिक मत संख्याले जितेका थिए । चुनाव अघि 'गुण्डा नाइके' को पदवी पाएका ती सांसदले निष्ठाको राजनीति गर्ने इमानदारिताको पर्याय देशभक्त र जनताका सेवक नेपालको एकमात्र कम्युनिष्ट पार्टीको धरोहर कम्युनिष्ट आन्दोलनका पदप्रदर्शक, वरिष्ठ राजनीतिज्ञ, साहित्यकार, स्वच्छ र निष्कलङ्क व्यक्तित्व का.रोहितको तस्वीरमा कालो पोत्न लगाए, त्यो पनि भाडाको गुण्डा प्रयोग गरी । योभन्दा बढी लाजमर्दो अरु के होला र को होला ?'

केही समयअघि नेमकिपाका अध्यक्ष रोहितले एउटा कार्यक्रममा भन्नुभएको थियो- 'प्रदेशको राजधानी तोक्दा अहिलेको सुगमता हेर्नुभन्दा पनि भविष्यको विकासलाई हेर्नुपर्छ । सन्तुलित विकास हुने गरी प्रदेशको राजधानी तोक्नुपर्छ ।' यस वाक्यमा गलत के छ ? एक दूरदर्शी र देशभक्त नेताले बोल्ने भनेकै यही हो । रोहितको उक्त भनाइलाई मानेर सरकारले प्रदेश राजधानी हेटौंडा पुऱ्याएको बताउँदै बस्नेत काजीले त्यस्तो नीच हर्कत देखाए । उनको रोहितप्रतिको आरोप र विरोधले उनकै पार्टीभित्रका केही बुद्धिजीवी वा पढेलेखेकाहरु पनि चारछक्क परेछन् ।

एमालेजनबाटै सुनिन्छ - 'अहिले महेशजीलाई हिजो चुनावमा भन्दा बढी तनाव छ, दिनको ५०-६० जनाको त फोनमात्रै आउँछ, धम्की आउँछ -जोसँग हिजोका दिनमा उहाँले पैसा लिनुभएको थियो ।'

सर्वसाधारणमा पनि चर्चा सुनियो- रोहितले भनेको कुरा सरकारमा बस्नेले मान्ने वा मानेको भए ख्वप विश्वविद्यालय किन दिदैनथ्यो ? शिक्षा, स्वास्थ्य, नि:शुल्क, युवाहरुलाई स्वदेशमै रोजगारी, नेपाल-भारत खुला सीमा नियमित भारतीय विस्तारवादद्वारा अतिक्रमित नेपाली भूमि फिर्ता भारतद्वारा अन्तर्राष्ट्रिय कानुन विपरीत बनाइएका बाँध र तटबन्ध भत्काउने, व्यक्तित्व विकासमा समान अवसर, बलात्कारी, भ्रष्टाचारी, देशघाती, मानव तस्करलाई मृत्युदण्डलगायत बन्दोबस्त किन गर्दैनथ्यो ? फेरि प्रदेश राजधानी हेटौंडा राख्नको लागि सहमति जनाउने त उनकै नेता वा अध्यक्ष केपी ओली पनि त हुन् । अनि कालोमोसो दली फोटो जलाउनुपर्ने केपी ओलीको कि रोहितको ?

केपी ओली, झलनाथ खनाललगायतले राजधानी विषयमा अनावश्यक आन्दोलन गर्नपर्दैन भनेको समाचार पुरानै भइसके तर सर्वसाधारणलाई दु:ख दिने गरी उपद्रो गर्ने आफ्ना 'हनुमान' हरुलाई ती नेताले कारबाही किन गर्न सकेका छैनन् ? "तँ कुटेजस्तो गर, म रोएजस्तो गर्छु" भन्ने उखानझैं एमालेका नेता कार्यकर्ताले गरेका त होइनन् ? प्रधानमन्त्री शेरबहादुर देउवा, उपप्रम कमल थापासँगै का. रोहितको फोटो राख्नु नै गम्भीर आपत्तिको विषय हो, अझ त्यसमा अर्को नीच हर्कत देशभक्त नेपाली जनता जो कसैलाई चित्त नबुझेको बहुलठ्ठीपना हो । यस हर्कतप्रति आत्मआलोचित हुँदै आममाफी यदि बेलैमा माग्ने हो भने एकपटकलाई केटीकेटी पारा सम्झी जनताले माफी देलान्, होइन भने खैरियत छैन !

त्यस फोटोमा कस्तो मोसो दल्न केही भाडाका गुण्डा प्रयोग गरिएको यथार्थ पनि बाहिर आइसक्यो । ती गुण्डाहरुमध्येको एकजना पहिले (स्थानीय चुनावसम्म पनि) नेपाली काँग्रेसको अष्ट कवेंको 'दाहिने हात' भएको र अहिले महेश बस्नेतको भन्ने तथ्य बाहिरियो । हाम्रा कुरा डट कमले उल्लेखित शीर्षकमा एउटा समाचार छाप्यो- 'प्रदेश राजधानीको आगो जग्गा दलालीकै परिणाम हो त ?'

चुनावअघि र पछि प्रदेशको राजधानी भक्तपुरको मध्यपुरमा ल्याउँछु भनेर भोट र पैसा दुवै लिएको बस्नेत काजीलाई अहिले त पर्नु पीर परेको रहेछ ! जग्गा दलाल, सिमेन्ट, दण्डी, ईट्टालगायत व्यवसायीसँग अनुमानित रकम असुलेको कारण अहिले ती सबैबाट पैसा फिर्ताको दबाब आएपछि निद्रा हराएको रहेछ । त्यसरी पैसा दिने वा चुनावमा खर्च गरिदिनेको चेत बल्ल खुल्नेछ । बस्नेत काजी त प्रतिनिधिसभाको सांसद पो हो त प्रदेशको होइन भन्ने चेत खुलेपछि पैसो लगानी गरिदिएकोमा पछुतो पनि मानदैछ ? अरे !

प्रदेश राजधानी मध्यपुरमा ल्याइदिने आश्वासनमा परेर बढी पैसा दिने बोडे साइडका बढी रहेको तथ्य खुल्दैछ । नीलबाराही र चाँगुको बीचमा रहेका ठूल्ठूला ढिस्काहरु धमाधम सम्याईदै गरेका दृश्यले दलालहरुको सक्रियतालाई नाप्ने त्यति गाऱ्हो छैन । सरकारका कामकारबाहीको चित्त नबुझ्दा वा देशघाती र जनघाती काम गर्दा सरकारको विरोध गर्नु र पुत्ला जलाउनु नौलो कुरा होइन । यो एउटा आन्दोलनकै रुप हो । तर सरकारसँग दूध बेचेको साइनो पनि नपर्ने संसदीय इतिहासमा एक प्रखर प्रतिपक्षको भूमिकामा रहने नेमकिपा र अध्यक्ष रोहितलाई अपमान गर्नु देश र हरेक देशभक्त नेपालीकै अपमान हो । संविधानको मौलिक हकमा हरेक व्यक्तिलाई विचारको स्वतन्त्रता रहने उल्लेख छ । के रोहितले आफ्नो विचार राख्दा उहाँको अपमान गर्नु संविधानविपरीत वा गैरसंवैधानिक कार्य होइन ? यसमा प्रशासन किन मौन छ । त्यतिबेला प्रहरी हस्तक्षेप किन भएन ?

मध्यपुर (भक्तपुर पनि) बालुवा चोरी निकासीको लागि सजिलो बाटो भनी परिचित छ । धेरै पहिलेदेखिको चर्चा हो यो कि मध्यपुरमा खटिने प्रहरी अधिकारीहरु आफूलाई 'भाग्यमानी' सम्झन्छन् । तिनीहरु सर्वसाधारणको शान्ति सुरक्षाभन्दा पहिले ठेकेदार खोजीमा लाग्छन् । राती बालुवाको पैसा हातमा र दिउँसो सुरक्षाको नाममा हरेक सरकारी अफिसबाट तेलबापतको रकम लिन्छन् । टेण्डर आह्वान गर्दा प्रहरी, गुण्डा, ठेकेदारलाई कति कति प्रतिशत भाग लगाउने सल्लाह, छलफल वा सहमति हुन्थ्यो अरे ! यदि यस्ता कुरा साँचो हो भने यो भन्दा बढी देशको दुर्भाग्य के होला ? के यस्तै कारणले एमालेको गैरसंवैधानिक कार्यप्रति मध्यपुरका प्रहरी प्रशासन मुकदर्शक बनेर बस्यो ?

महेश बस्नेतले चुनाव अघि भारतको दिल्ली गई मोदीको शिवसेनासँग ७ करोड ल्याएको र चुनावपछि त्यसको हिसाबकिताब बुझाउन दिल्ली गएको तथ्य बाहिरिसक्यो । अहिले नेपालका ठेकेदार जग्गा दलाल वा भू-माफियालगायतको पैसा असुलीले त्यसबाट जोगिन आफू उम्कन सारा दोष रोहितलाई दिई पन्छने षड्यन्त्र गर्दै जनताको आँखामा छारो हाल्ने काम गर्दैछन् । कुनै दिन हामीले यो सुनेर अचम्म मान्नु नपर्ला कि- 'पैसाको लागि महेश बस्नेतले आफ्नै पुत्ला जलाए ।' खोजक हरिले लेखेझैं लाश जलाउन बेर छैन । चुनाव मत परिणामले आत्तिएका काँग्रेसले आफ्नो पूर्ण अवसान देखेका कारण राजधानी भक्तपुर ल्याउन नचाहेको चर्चा पनि सुनिदैछ । तर एमालेका गुण्डा र त्यसका नाइकेहरुले नेकालाई १२ हातले पनि छोएनन् । त्यसैगरी राजाराम प्रजापति लेखछन्- 'यिनीहरु राष्ट्रिय दल हैनन्, राष्ट्रिय दलाल हुन् । चुनाव लड्न जग्गा धितो राख्यो, अहिले जग्गा फुकाउन राजधानी चाहियो ।'

जग्गा धितो राखेको भन्नुको अर्थ जग्गा दलालहरुसँग कमिसन लिएको भनिएको रहेछ । अहिले सुन्नमा आयो मध्यपुरमा प्रदेश राजधानी ल्याउने भनेरै यहाँका नेवार समुदायको मत लिएको रहेछ । यहाँ करिब ६० प्रतिशत नेवार समुदाय जग्गावाला छन् । आनाको ५ लाख पर्नेलाई २० लाख पुऱ्याइदिन्छु भन्ने लोभ र आश्वासन दिएर भोट लिएको रहेछ । कसैलाई आफ्नो राजधानीमा जागिर लगाइदिने भन्ने आश्वासन दिएको रहेछ । त्यस्तो आश्वासन अहिले पनि पाइरहेको केही युवा बताउँछन् । तर अहिले सरकारले राजधानी भक्तपुर घोषणा नगरेपछि चौतर्फी दबाब झेल्न बाध्य रहेछन् बस्नेत काजी । के त्यस्तै दबाबका कारण मानसिक सन्तुलन त गुमाउन पुगेका होइनन् ? यो चर्चा पनि व्यापक छ । यदि त्यसो हो भने केही समय आराम गृहमा गई आराम गर्दा उनको आफ्नै हित होला । त्यसो त चुनाव अघि नेपालको अर्को कर्णाली भक्तपुर हो, यसलाई विकास गर्छु भन्दै मत मागेका हुन् क्यार ! अनि अहिले एकाएक राजधानी नै राख्न सुगम हुने बोल्न भ्याए । छिनछिनमा बोली र व्यवहार फेर्ने काम मानसिक अस्वस्थताकै परिणाम हुने त हो नि, होइन र ? हुँदा हुँदा चुनावअघि आफूलाई भोट नदिए आफूले हालिदिएको जस्ता, टहरा, पाल पनि उठाएर लाने भनी भूकम्प पीडितलाई धम्की दिन समेत भ्याएका रहेछन् बस्नेत काजीले । योभन्दा बढी आपराधिक व्यवहार के होला ?

आफू सरकारमा छुँदा एनजीओ/आइएनजीओको करोडौं पैसा खाई २-४ लाखको जस्ता, टहरा दिई जीवनभर घरवारविहीन बनाउने षड्यन्त्रको विरोध सचेत जनताले गरी नै रहेका छन् । यसैगरी पियुस गोसाईंले लेखे- 'पुतला जलाएर हुने भए देशको भ्रष्टाचारी, सीमा अतिक्रमण हुँदा विरोध नगर्ने नेता र देशका खोलानालामा विदेशीको रजाईं गर्न दिने सबैको पुत्ला जलाउन मन छ ।' पक्कै पनि देशको सीमा अतिक्रमण हुन दिनु र खोलानाला भारतलाई सुम्पनु देशघाती काम हो । पुत्ला त देशघाती काम गर्ने काँग्रेस, एमाले, माओवादीका नेताहरुको पो जलाउनुपर्ने हो ।

सँगै कविर केसी लेख्छन्- 'प्रदेशको राजधानी यहाँ र त्यहाँ हुनुपर्छ भनेर आन्दोलन गर्दै उफ्रिने नपुङ्सकहरु, सक्छौ भने भारतले हजारौं बिघा जग्गा कब्जा गरेको ठाउँमा गएर आन्दोलन गर, सिमानाका पिलरहरु दक्षिणतिर सारेर देखाओ ।'

'प्रदेशको राजधानी जहाँ भएन पनि नेपालभित्रै पर्छ । तर नेपाल नै भारतमा परो भने तिमीहरुको राजधानी घरभित्रै भए पनि के महत्व भयो ?' वि.सं. २०२२ सालदेखि नेपालको सुस्ता अतिक्रमणदेखि हालैको वीरगञ्ज छपकैयामा ६० हजारहेक्टर भन्दा बढी भूमि विस्तारवादी भारतले आफ्नो कब्जामा लिइसक्यो । यसको सुरुदेखि नेपालमा विरोध गर्ने कुनै देशभक्त पार्टी र नेता कोही छ त त्यो नेमकिपा र त्यसका अध्यक्ष श्रद्धेय रोहित भन्नेमा दुईमत छैन ।

प्रदेश राजधानीको नाममा उपद्रो भएकै समयमा छपकैयामा ५० बिघा जमिन भारतले हडप्यो । यो संयोगमात्र नहोला । नेपालीको ध्यान अन्यत्र मोड्न लगाई आफ्नो विस्तारवादी नीतिलाई निरन्तरता दिएको छ भारतले । यस पृष्ठभूमिमा एउटा प्रश्न उठ्नु स्वाभाविक हो- 'नेकपा एमालेलाई कतै भारतीय शासक वर्गले इसारामा नचाएका त होइनन् ?' हिजो चुनावअघि जाँड रक्सी, भोजभतेर खुवाई पैसा, सामान, उपहार, लोभलालच, आश्वासन जे बाँडेर भोट लिए पनि वा दिए पनि अब सचेत हुनुपर्छ । आफ्नो भोट खेर गएछ भन्ने चेत अब पनि नआए कहिले आउँछ ।

श्याम के खुलिमुली पनि लेख्छन्- 'भक्तपुर बाहेकका जनताले कसको पुत्ला जलाउने नि ? के प्रदेश ३ भनेको काठमाडौं, भक्तपुर र ललितपुर मात्र हो ? घर घरमा सिंहदरवार ल्याउने भनेको यही हो ? उपत्यकाबाहेकका जनतालाई सिंहदरवार नदिने यो नियत प्रतिगामी र उन्माद नभएको हो ? त्यसकारण देशको समुचित विकासको लागि पनि प्रदेश राजधानीलाई सोच्नु संघीयता वा विकेन्द्रीकरणको मर्मअनुरुप जानु हो । प्रदेश राजधानी जहाँ राखे पनि त्यसले जनतालाई वा प्रदेशको बासिन्दालाई केही फरक पर्दैन । अर्थात् प्रदेशका सांसदबाहेक अन्यको मतलब प्रदेश राजधानीसँग हुन्न । सम्पूर्ण कामकारबाही स्थानीय सरकारमार्फत् गर्ने हो । त्यसकारण दलालहरुको स्वार्थको पछाडि सर्वसाधारण लाग्नु व्यर्थ छ ।

भ्रमको खेती गर्नेहरुलाई अब नि खबरदारी नगरे कहिले गर्ने ? राजनीति भनेको देश र जनताको नि:स्वार्थ सेवा गर्ने माध्यम हो न कि आफ्नो स्वार्थको लागि देश र जनतालाई सास्ती र पीडा दिने । त्यसरी नि:स्वार्थपूर्वक देश र जनताको सेवामा समर्पित नेमकिपाका अध्यक्षलाई मिथ्या आरोप लगाई छुनु एमालेको दुर्भाग्य हुनसक्छ ।

प्राचीन भारतका प्रसिद्ध राजनीतिज्ञ चाणक्यको एउटा भनाई छ- 'चोखो मानिसलाई दोष लगाउनु पानीमा विष मिलाउनुजस्तो हुन्छ । चोखो मानिस कदाचित चिढिएमा त्यसलाई सम्हाल्ने औषधि नै पाइँदैन ।' चाणक्यको भनाइअनुसार चोखो मान्छे र चोखो संगठनलाई पञ्चायती राज्यस्तरबाट षड्यन्त्र गरी झुटा मुद्दामा फसाई अध्यक्ष रोहितसहित ६७ जनालाई 'फाँसी दे' भनी नारा लगाउनु पञ्चायती व्यवस्थालाई विष सावित भएको थियो । निरंकुश पञ्चायती शासनको अन्त्य भएको थियो । के अब पालो एमालेको हो त ? बेलैमा बुद्धि पुऱ्याओस् ।

शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले,

- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं ।
- शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने व्यवस्था मिलाऔं ।
- चिसोका कारण पुशपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं ।
- कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

"नेपाल कम्युनिष्ट आन्दोलनलाई भित्री रोगबाट पहिले मुक्त पार्न जरूरी छ"

(नेपाल मजदुर किसान पार्टीको ४४ औं स्थापनाको दिवसको सन्दर्भमा पार्टी स्थापना, नेपालको कम्युनिष्ट आन्दोलन, नेपालको समसामयिक राजनीतिक परिस्थिति र अन्तर्राष्ट्रिय राजनीतिबारे नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छें(रोहित)सँग श्रमिक साप्ताहिक, मजदुर दैनिक र अनलाइन मजदुर प्रतिनिधिले लिएको अन्तर्वार्ताको पूर्ण विवरण प्रस्तुत छ-सम्पादक)

नेपाल मजदुर किसान पार्टीको ४४ औं स्थापना दिवसको अवसरमा विभिन्न गतिविधि भइरहेका छन् । पार्टी स्थापना दिवसको साढे चार दशकलाई कसरी समीक्षा गर्नुहुन्छ ?

पञ्चायती निरंकुशताविरुद्ध संघर्षको बेला नेपाल मजदुर किसान संगठनको स्थापना भएको थियो । त्यसबेला राजनैतिक संघर्ष आजको जस्तो जटिल थिएन । पञ्चायती व्यवस्थाको पतन, प्रजातन्त्रको पुन:स्थापना र गणतन्त्रको स्थापनापछिका दिनहरू झन्-झन् जटिल हुँदैछन् । पञ्चायती व्यवस्थाका खुँखार मण्डले, जनविरोधी र अपराधीहरू कति 'कम्युनिष्ट' नेता भएका छन्। कति त्यस्ता 'कम्युनिष्टहरू' भ्रष्टाचारी, ठेकेदार, गिट्टी-बालुवाका व्यापारी, तस्कर र जीउ म्हास्ने मुद्दाका अपराधी छन्। तिनीहरूमध्ये कति मन्त्री भए, कति नेता भई टोपलेका छन् र कति सांसद, प्रादेशिक जनप्रतिनिधि र मेयर छन्। जात-जाति, भाषा-भाषी, क्षेत्रीय र अन्य विविध जातजातिमा पनि पहिचानको नाममा शोषक र अपराधीहरू गरिव जनताभन्दा माथि देखिएका छन्। राजनैतिक दलहरूमा सिद्धान्त, आस्था, विचार र आदर्श समाजको लागि संघर्ष गर्ने उद्देश्यको ठाउँमा, पदमा पुग्ने, 'जे गरेर पनि पैसा कमाउने', 'व्यक्तिगत हितलाई प्राथमिकता दिने' जस्ता दुर्गुणहरू बोकेका कार्यकर्ता र नेताहरूको बिगबिगी छ। सिद्धान्त, नैतिकता र आस्थालाई जोगाउन कुनै संघर्षको खाँचो अनुभव गर्दैछु । नेपालको कम्युनिष्ट आन्दोलनले चार दशकपछि पनि सही बाटो ठम्याउन सकिरहेको छैन र नेमकिपाले जनताको प्रजातन्त्रमार्फत् नेपालको कम्युनिष्ट आन्दोलनलाई सही मार्ग देखाउन कष्टसाध्य काम गर्दैछ ।

नेमकिपा स्थापना नभएको भए नेपालको कम्युनिष्ट आन्दोलनमा के फरक पर्नेथियो ?

नेपालको कम्युनिष्ट आन्दोलनमा पञ्चायती व्यवस्थाको विरोधमा जोताहा किसानहरूको मोहियानी हक, सहकारी संस्थामा भ्रष्टाचारको विरोध, गैरकानुनी कूत र ब्याजको विरोधमा बाली काट्ने आन्दोलन, जाली-फटाहा र गाउँका शोषक र सामन्तका विरोधमा संघर्ष नेमकिपाले चालु राख्यो । संशोधनवादको विरोध, रुसी सामाजिक-साम्राज्यवादको विरोध, व्यक्ति हत्या र अराजकतावादको विरोधमा नेमकिपाले नेपालको कम्युनिष्ट आन्दोलनलाई अगाडि बढायो । प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी संघ-संस्थामा पनि गएर कामदार वर्गलाई पूँजीवादी प्रभावबाट मुक्त गर्ने र निर्वाचनलाई पनि देश र जनताको हितमा उपयोग गर्ने लेनिनवादी नीति नेमकिपाले नेपाल कम्युनिष्ट आन्दोलनमा लागू गऱ्यो र नि:स्वार्थ रुपले देश र जनताको सेवा गर्ने माओ त्से तुङ विचारधारालाई पनि नेपालको भूमिमा लागू गऱ्यो । नेमकिपाले निरन्तर मार्क्सवाद-लेनिनवाद र माओ त्से तुङ विचारधारालाई बोक्दै अगाडि बढ्यो र पूँजीवादको विरोध एवम् समाजवाद र साम्यवादका पक्षमा प्रचार गर्दै गयो । नेमकिपाको सैद्धान्तिक संघर्षको अभावमा नेपालको कम्युनिष्ट आन्दोलनलाई 'कम्युनिष्ट' नाउँमा शासक दलहरूले देश र जनतालाई एकपछि अर्को विश्वासघात गर्दै जाने थियो र अन्तर्राष्ट्रिय क्षेत्रमा पनि 'कम्युनिष्ट' शब्दलाई समेत बदनाम गर्दै लाने थियो ।

जेजति सैद्धान्तिक आधारमा तात्कालीन पुष्पलाल समुहसँग अलग भएर नेमकिपा स्थापना भएको थियो, आज चार दशकपछि ती सैद्धान्तिक आधारको कसरी समीक्षा गर्नुहुन्छ ?

नेकपा (पी.एल. समूह)सँग हाम्रो मतभेद रुसी संशोधनवाद सामाजिक-साम्राज्यवादमा पतन, भारतीय विस्तारवाद र भारतीय एकाधिकार पूँजीको विरोध र मजदुर तथा किसान आन्दोलनभन्दा नेपाली काँग्रेससँगको एकतामा प्राथमिकता जस्ता विषयमा थिए। मुख्य दुश्मन राजा र राजतन्त्र हो भन्ने पी.एल समूहको दृष्टिकोण थियो भने आज देशमा राजा र राजतन्त्र नभए पनि भारतीय विस्तारवाद र भारतीय एकाधिकार पूँजी तड्कारो रुपले नेपाली र नेपाल जनताको मुख्य शत्रुको रुपमै खडा छ। यस अर्थमा नेपालको कम्युनिष्ट आन्दोलनले चार दशकपछि पनि सही बाटो ठम्याउन सकिरहेको छैन र नेमकिपाले जनताको प्रजातन्त्रमार्फत् नेपालको कम्युनिष्ट आन्दोलनलाई सही मार्ग देखाउन कष्टसाध्य काम गर्दैछ ।

मानिसलाई देखिने बाहिरी रोगभन्दा भित्री रोगले बढी दु:ख दिएजस्तै नेपाल कम्युनिष्ट आन्दोलनलाई पनि भित्री रोगबाट पहिले मुक्त पार्न जरुरी छ ।

नेपालमा आफ्नो नाममा 'कम्युनिष्ट' झुण्ड्याएका र आफूलाई 'वामपन्थी' भन्न मनपराउने पार्टीहरू एमाले र माओवादी केन्द्रबीच एकताको चर्चा छ । नेमकिपाले यो एकतालाई कसरी विश्लेषण गरेको छ ?

"भेडा-भेडातिर र बाख्रा-बाख्रातिर" भन्ने उखान जस्तै सिद्धान्तच्युत कम्युनिष्टहरू एकातिर र लोकतान्त्रिक नामका पूँजीवादी-राजावादी र क्षेत्रीय साम्प्रदायिक दलहरू पूँजीवादी बाटोतिरै छन् । नेमकिपा यस्ता नयाँ खान्दानी र पुराना खान्दानीका अवशेषहरूलाई एउटै ड्याङ्गका मूला सम्झन्छ। किनभने तिनीहरू बारम्बार एउटै सरकारमा मिल्छन् र स्वार्थकै निम्ति झगडा गरेर अलग्गै हुन्छन्, तर सारमा तिनीहरूकै वर्ग चरित्रले तिनीहरु देश र जनताको विरोधमा निरन्तर लागेका छन् ।

स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको चुनावमा कम्युनिष्ट नामका पार्टीहरूको बहुमत भएको चर्चा छ, त्यसबारे के भन्नुहुन्छ ?

कहिले दाइ काँग्रेस अगाडि देखिन्छ त कहिले भाइ काँग्रेस अगाडि ! एमाले चारपटक र माओवादी केन्द्रले तीनपटक सरकारको नेतृत्व गर्दा पनि कामदार वर्गको हितमा कुनै नयाँ विधेयक नल्याउनु र नेपाली काँग्रेसकै सरकारको पदिचन्हमा हिँडेको हुँदा अन्य पूँजीवादी देशमा जस्तै कहिले 'रिपब्लिकन' पार्टी र कहिले 'डेमोक्रेटिक' पार्टी सरकारमा गएजस्तै हो । 'मतसीमा' (थ्रेसहोल्ड) को प्रावधानले यसलाई झन् प्रस्ट पाऱ्यो ।

अब देशमा राजनीति स्थायित्व, समृद्धि र विकास हुने चर्चा छ त ?

स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनको महिनौं पछि पनि ऐन-कानुन बनाउन नसक्ने सरकार र शासक दलहरूले 'राजनैतिक स्थायित्व' ल्याउने गफ त प्रजातन्त्र र गणतन्त्रको गफजस्तै हुनेछ। गरिबी उन्मूलनको २० वर्ष पछि मात्रै 'समृद्धि' को कुरा गर्नु सुहाउने विषय हो। 'विकास' को जहाँसम्मको प्रश्न हो - शासक दलका नेता, सांसद र कार्यकर्ताहरू ठेकेदार र विदेशी पूँजीका 'एजेन्ट' भएसम्म विकासको ठाउँमा देशको विनाशमात्रै निम्त्याउनेछन् ।



नेपालको कम्युनिष्ट आन्दोलन आगामी दिनमा कसरी अघि बढ्ने देख्नुभएको छ ?

नेपाल कम्युनिष्ट आन्दोलनले अझ झन् गम्भीर भएर अगाडि बढ्नुपर्ने समय आएको छ । मानिसलाई देखिने बाहिरी रोगभन्दा भित्री रोगले बढी दु:ख दिएजस्तै नेपाल कम्युनिष्ट आन्दोलनलाई पनि भित्री रोगबाट पहिले मुक्त पार्न जरुरी छ ।

नेपालको समसामयिक राजनीतिक परिस्थितिलाई कसरी हेर्नुभएको छ ?

नेपालको समसामयिक राजनीति अहिले पनि अन्योल र अस्पष्ट छ ।

विश्व कम्युनिष्ट आन्दोलनको आजको अवस्थाबारे तपाईको विश्लेषण के हो ?

संरा अमेरिकी प्रशासनको कार्यशैलीले साम्राज्यवाद ठूलो आर्थिक सङ्कटमा फस्दै जाने अनुमान गरिदैछ। यस कारण संरा अमेरिकी अधिकारीको ध्यान मध्यपूर्वबाट रुस र चीनतिर जाँदैछ। संरा अमेरिकाको एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूमाथि गर्दै गएको धम्की र थिचोमिचोले विश्व कम्युनिष्ट आन्दोलनलाई जलमल गर्नेछ ।

अन्त्यमा भन्नुपर्ने केही कुरा ?

अमेरिकी राष्ट्रपति ट्रम्पको अस्थिर मानसिकता व्यक्तिको नभई अमेरिकी राजनैतिक व्यवस्थाको प्रतिबिम्बत होइन भन्ने विश्लेषण आउन बाँकी छ। तर सार त्यही हो ।

साहित्य स्तम्भ

- रामचन्द्र महर्जन
शिक्षक, जनसेवा मावि

शुभकामना

नेपालको कम्युनिष्ट आन्दोलनमा आफ्नो छुट्टै
पहिचान कायम गर्न सफल
समाजको परिवर्तन र देशको विकासको निम्ति
आफ्नो वेञ्लै सिद्धान्त बोकी संघर्षरत
नेमकिपा
मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा
बोकी हिँडिरहने अनुशासित सच्चा कम्युनिष्ट
बामपन्थी अवसरवाद, दक्षिणपन्थी अवसरवादलाई
उदङ्ग्याउने नेमकिपा
आफ्नो राजनैतिक गाजनमा
स्थापना कालदेखि आजसम्म कुनै प्रकारको
हेरफेर नल्याउने
सैद्धान्तिक तथा राजनैतिक परिपक्वतालाई
प्रदर्शित गर्ने नेमकिपा
कम्युनिष्ट आन्दोलन, प्रजातान्त्रिक, लोकतान्त्रिक
तथा मानव अधिकार प्राप्तिको संघर्षमा एक प्रतिबद्ध गर्ने
नेमकिपा
नेपालको राजनीतिमा सही र कुशल नेतृत्वमा
निस्वार्थ रुपले जनताको सेवा गर्न अगाडि बढ्ने
सामन्तवाद, साम्राज्यवाद, उपनिवेशवाद,
बामपन्थी र दक्षिणपन्थी अवसरवादको विरोध गर्ने
नेमकिपा
मोहियानी हक सुरक्षा आन्दोलन, बाली काट्ने अभियान,
भ्रष्टाचारी, आकाशिएको महंगी, कालो बजारी विरुद्ध
आन्दोलन गर्दै हिँड्ने नेमकिपा
गरिव निमुखा जनताहरुको लागि
गाँस, बास, कपास तथा नि:शुल्क अनिवार्य शिक्षा
स्वास्थ्य, रोजगारी तथा बेरोजगारी भत्ताको
व्यवस्था हुनुपर्नेमा जोड दिँदै आइरहने
नेमकिपा
अपराधलाई राजनीतिकरण गर्ने कथित राष्ट्रिय पार्टीहरुको
फोहरी सत्ता राजनीति विरुद्ध स्वच्छ राजनीतिक परम्पराको
सडक र सदनमा आफ्नो सही दृष्टिकोण रास्दै आउने
नेमकिपा
ठूल-ठूला राष्ट्रिय पार्टीहरु भनाउँदाहरुलाई
सही मार्ग दिशामा हिँड्न सल्लाह दिँदै आइरहने
गरिव जनताको हकहित तथा अधिकारका लागि
समाजवाद स्थापनाका लागि लडिरहने
नेमकिपा
४४ औं स्थापना दिवसको अवसरमा
नेमकिपालाई
शुभकामना !
शुभकामन !!

मञ्जुश्री प्रतिमाको रत्नन्यास पूजा सम्पन्न



कीर्तिपुर । कीर्तिपुर नगरपालिका वडा नं. ६ स्थित चोभार जलविनायक सामुदायिक वन परिसरभित्र निर्माणाधिन मञ्जुश्री प्रतिमा स्थापना गर्न माघ ८ गते सोमबार रत्नन्यास पूजा सम्पन्न गरेको छ ।

युवा तथा खेलकुद मन्त्री राजेन्द्र कुमार केसीको प्रमुख आतिथ्यमा पानसमा दीप प्रज्ज्वलन गरी रत्नन्यास पूजाको उद्घाटन गर्नुभएको थियो ।

त्यसक्रममा वहाँले प्रतिमा स्थापनाबाट यस क्षेत्रको मात्र नभई कीर्तिपुरको लागि महत्वपूर्ण हुने बताउनुभयो ।

वहाँले प्रतिमा स्थापनाको लागि सरकारी सहयोगको बन्दोबस्त गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

विशेष अतिथि महिला बालबालिका तथा समाज कल्याणमन्त्री विक्रम बहादुर थापाले पनि प्रतिमा निर्माणले कीर्तिपुरको गौरव विश्वमै चम्कने बताउनुभयो।

विश्व शान्तिका अभियन्ता युरेसिया रेयुकाईका संस्थापक अध्यक्ष यासुन मासुनागा, स्थानीय पञ्चलाल महर्जन, कोषाध्यक्ष एवं निर्माण समितिको संयोजक सुजिन्द्र महर्जन, उपाध्यक्ष दिपक महर्जन, अम्कन कर्माचार्य, सुनिता शाक्यलगायतले बोल्नुभएको थियो भने कार्यक्रम इन्द्रबहादुर महर्जनको सभापतित्वमा भएको थियो ।

कोषाध्यक्षले हालसम्म १ करोड ५० लाख खर्च भैसकेको र ७० लाख आय भएको र थप १ करोड खर्च हुने अनुमान बजेट पेश गर्नुभएको थियो ।

रत्नन्यास पूजा गर्ने क्रममा बौद्ध विद्वानहरुले विधिपूर्वक पूजा पाठ गरेको थियो ।

जन साहित्य गोष्ठी पाँगा कीर्तिपुरद्वारा आयोजित चौंथो नेपालभाषा साहित्य मुज्या र सांस्कृतिक कार्यक्रम २०७४ का तस्विरहरु:





























अझै पनि त्रिपाल र ब्ल्यांकेटको राजनीति ?

– कृतिका

९ माघ २०७४ को दिन भक्तपुरको सूर्यविनायक चोकमा भक्तपुर क्षेत्र नं. २ का नवनिर्वाचित सांसद महेश बस्नेतले 'मानवीय आस्था' नामक संस्थाको सहयोगमा भूकम्प पीडित जनतालाई ओड्ने ब्ल्यान्केट र त्रिपाल वितरण गरेको सुन्नमा आयो । 'मानवीय आस्था' एक एनजीओ(आईएनजीओबाट सञ्चालित संस्थाको नाम हो र यहाँका गरिब जनतालाई सहयोग गर्ने उद्देश्य लिएर सो संस्था परिचालित छ ।

'मानवीय आस्था' भारतीय संस्था हो र २०७२ सालको भूकम्पपश्चात् नेपालका भूकम्प पीडित जनतालाई सहयोग गर्ने हिसाबले सो संस्थाले यहाँका पीडित जनतालाई सहयोग गर्दै आएको अखबारहरूले समाचारहरू प्रकाशन पनि गरेका थिए । तर मानवीय आस्थाले एमालेका एक कार्यकर्ता महेश बस्नेतमार्फत् सहयोगको रकम तथा सामग्रीहरू वितरण गराउनुलाई भक्तपुरका जनताले शंकाको नजरले हेरिरहेको तथ्य यहाँ उल्लेख गर्नु उपयुक्त छ ।

भूकम्पको समयमा यस्ता एनजीओ-आईएनजीओले टोल-टोलमा खाद्यान्न, त्रिपाल आदि वितरण गरेको हामीले देखेका थियौं । तर सँगै त्यस्तो सहयोग वितरण गरिंदा कसैले एउटा पनि पाएन, पहुँच भएकाले दुई-तीनवटा सम्म पाए भन्ने विषयमा झगडा भएको पनि आफ्नै आँखाले देखेको यथार्थ हो । दुःख र अभावको समयमा दिइने सहयोगको मूल्य निकै अद्वितीय हुन्छ । तर भूकम्प गएको २ वर्ष बितिसकेपछि पनि बारम्बार सरकारमा सामेल भइसकेको पार्टीका एक प्रतिनिधि पात्रले आफ्नो व्यक्तिगत सहयोग वितरण गरेझैं गरिब जनताको सहानुभूति बटुल्न गरेको यो सहयोग भने जनतालाई अल्झी बनाउने प्रवृत्ति जस्तै देखिन आएको छ । यस अर्थमा विगतका दिनमा महेश बस्नेत पात्रमार्फत् सो सहयोग सामग्री वितरण गराउने संस्था गलत हो अथवा 'मानवीय आस्था' नामक संस्थालाई विश्वास गर्ने बस्नेत स्वयंको स्वार्थ यसमा झल्किन्छ ।

एनजीओ-आइएनजीओले प्रदान गर्ने रकम देखिने गरी केही व्यक्तिलाई वितरण गरिएको हुनसक्छ, तर अदृश्य रुपमा ठूलो रकमको दुरुपयोग र अनियमितता भइरहेको अनुमान पनि लगाउन सकिन्छ । ६ माघ २०७४ को नागरिक दैनिक (अक्षर) मा एक लेखकले लेखे- 'अर्काले बनाएको घरमा अर्काको धनमा च्याल काढेर परदेशलाई स्वर्ग मान्नुजस्तो तुच्छता मलाई केही लागेन । दुई छाक मीठो खान र राम्रा लुगा लगाएर गाडीमा चिप्लन पाउँदैमा जीवनले स्वर्गको सुखभोग गरेको भन्न मिल्दैन । अर्काको मुलुकमा आफ्नो परिचय, आफ्नो संस्कृति र आफ्नो राष्ट्रियता गुमाएर सधैं शिर निहुऱ्याउँदै दासजस्तो लत्रेर भाते भई पेट भर्नुभन्दा त आफ्नै मुलुकमा सगरमाथा ताक्दै शिर उच्च गरेर स्वच्छन्द हिँड्नु स्वर्गका प्राप्तितर्फको प्रयास हो ।'

विदेशीको भरमा राजनीति गर्ने महेश बस्नेतको लागि यो वाक्यांश निकै सटिक लाग्यो । चुनाव जित्न जग्गा धितो राख्ने, जनताको भोट बटुल्न एनजीओ/आइएनजीओको सहयोगलाई आफूले गरेको दाबा गर्ने यस्ता प्रतिनिधिले प्रतिनिधिसभामा गएर कति उल्लेख्य काम गर्छन् । त्यो त समयले देखाइहाल्नेछ । साँच्चै नै जनताको सेवा गर्ने हो भने उसले भूकम्प पीडित जनताको हकहितमा उल्लेख्य काम गरे मात्र उनीप्रति जनताले सद्भाव राख्ने थिए । दुई दिन गरिब जनतालाई मिठो खान दिएर बाँकी दिन भोकै राख्ने बस्नेतको प्रवृत्ति कुनै हालतमा स्वीकार्य छैन । यस्तो त्रिपाल र ब्ल्यांकेटको राजनीति गर्ने मेहश बस्नेतको चरित्र धेरै दिन टिक्नेवाला छैन । साथै भर्खरै सम्पन्न निर्वाचनको चुनाव प्रचारप्रसारको समयमा महेश बस्नेतको अभिव्यक्ति र रवैयाले ऊ एक खराब आचरणयुक्त पात्रको रुपमा चित्रण भएको सामाजिक सञ्जालहरूबाट पनि थाहा भयो । यस मानेमा त्यस्ता पात्रमार्फत् सहयोग गराउनुमा 'मानवीय आस्था' संस्थाको उद्देश्य पनि प्रस्ट हुँदैछ ।

कसैले उद्देश्य राम्रो बनाएर केही काम गलत व्यक्तिबाट गराउँदा त्यसको परिणाम पनि नकारात्मक नै निस्कन्छ । चुनावको समयमा आफूले भूकम्पको समयमा यहाँका जनतालाई धेरै मद्दत र सहयोग गरेको भनी भोट माग्दै हिँडेका बस्नेतको निहित स्वार्थ विस्तारै प्रस्टिदै जानेछ । नेपाल सरकारले राहतको सामग्री यसरी संस्था र व्यक्तिमार्फत् बाँड्न दिनुहुँदैन भनेको थियो । तर आचारसंहिता, नीति नियमतको केही ख्याल नगर्ने सांसद बस्नेतले सबै नीतिनियम उल्लंघन गर्दै हिँडेका छन् । यसर्थ उनी एक अस्थिर व्यक्ति र शंकास्पद चरित्र भएको व्यक्ति हो भन्ने पनि अड्कल लगाउन सकिन्छ ।

काम नगरी अरुको सित्तैमा लिएर खाने प्रवृत्ति विकास भए पनि गरिब जनताको श्रम गर्ने बानी हट्दै जान्छ । जनतालाई अल्झी बनाउने, अरुलाई धाँट्ने/छल्ने बानीको विकास गर्नमा बस्नेतले सहयोगी भूमिका खेलिरहेका छन् । यो अर्थमा पनि महेश बस्नेतले कसैको दलालको रुपमा प्रयोग भइरहेको चर्चा गर्नु अन्यथा हुनेछैन । दलाली गर्दा देशको सार्वभौमिकता नै खतरामा पर्ने हुँदा सांसद भइसकेका व्यक्तिले यस्तो गतिविधि गर्नु कुनै पनि रुपमा देश र जनताको इज्जत र सेवाभित्र पर्दैन ।

दाँत माझ्दा रगत आउनु गिजा रोगको लक्षण

– डा. रिता सिंह

अधिकांशले दाँत ब्रस गर्दा रगत आउनुलाई सामान्य ठान्ने गरेको पाइन्छ । तर, हात खुट्टा धुँदा रगत नआएजस्तै दाँत ब्रस गर्दा पनि रगत आउनु हुँदैन । गिजाबाट रगत आउनु भनेको 'पेरियोडेन्ट' (गिजारोग) को पहिलो लक्षण हो । केही टोक्दा दाँतबाट रगत आउँछ भने त्यसलाई 'इन्फेक्सन' भनेर बुझ्नुपर्छ ।

हामी दाँत सिरिङ्ग भयो, दुख्यो भने मात्र दन्त चिकित्सककहाँ जान्छौं । तर पेरियोडेन्ट दुख्ने किसिमको रोग होइन । त्यसैले मानिसले यसलाई बेवास्ता गर्छन् ।

यो रोग लागेको १० औं वर्षसम्म पनि मानिस डाक्टरकहाँ पुग्दैनन् । यदि पुगिहाले पनि डाक्टरले तपाईंलाई गिजाको रोग लागेको छ, उपचार गर्नुपर्छ भन्दा विश्वास गर्दैनन् । हुन पनि नदुखेपछि कसले विश्वास गर्छ र । किनकि नेपाली समाज भनेको त बिरामी भएर हिँड्नै नसक्ने भएपछि मात्र अस्पताल जानुपर्छ भन्ने मानसिकताबाट ग्रसित छ ।

ब्रस गर्नुपर्छ भन्ने त सबैलाई थाहा छ, तर दाँतको बीचबीचमा पनि ब्रस गर्नुपर्छ, फ्लस गर्नुपर्छ भन्ने कमैलाई थाहा हुन्छ ।

९० प्रतिशत मानिसको ब्रस गर्ने तरिका मिलेको हुँदैन । ब्रस गर्ने तरिका नमिलेपछि फोहोर अड्किन्छ । नेपालमा विकसित देशमा जस्तो ६-६ महिनामा डाक्टरकहाँ गएर दाँत चेकअप गर्ने चलन पनि छैन ।

स्वस्थ गिजाले दाँतको जरालाई छोपेको हुन्छ र हड्डी कसेको हुन्छ । अस्वस्थ गिजालाई 'जिन्जबाइटिक्स' भनिन्छ, त्यहाँ गिजा रातोरातो हुन्छ । त्यति नै बेला डाक्टरकहाँ गएर सफाइ गर्यो भने ठिक हुन्छ ।

तर, हामी सफाइ पनि गर्दैनौं । जब फोहोर गिजा भित्रभित्र जान्छ तब दाँतको हड्डी खिइन थाल्छ । हड्डी खिईंदै गएको २-४ वर्षसम्म थाहै हुँदैन, १०-१५ वर्षपछि थाह पाउँदा हड्डी खिइएर दाँत हल्लिन थालिसकेको हुन्छ ।

त्यसरी हड्डी खिइएर दाँत कमजोर भएपछि दाँत निकाल्नुको विकल्प हुँदैन । त्यसपछि 'इम्पलान्ट' गरेर कृत्रिम दाँत राखिन्छ जुन प्राकृतिक दाँतजस्तो कदापि हुँदैन । त्यसैले ब्रस गर्दा गिजाबाट अलिकता पनि रगत आएको छ वा सास गन्हाएको छ भने बेलैमा उपचार गराउनु पर्छ ।

धेरै डाक्टरको दाँत चेकअप गर्दा गिजालाई हेर्ने बानी हुँदैन । दाँत परीक्षण गर्दा किराले खाएको, भाँचिएको भन्ने गरे पनि गिजा हेर्ने चलन छैन । तर, गिजा भनेको दाँतको जग हो । त्यसैले दाँत गिजादेखि नै राम्रो र स्वस्थ हुनुपर्छ ।

डाक्टरले पनि दाँतलाई माथि किराले खाएको मात्र हेरेर हुँदैन । किराले खाएको दाँतमा 'फिलिङ्ग गर्नुपर्छ भन्ने सबैलाई थाहा हुन्छ तर गिजाको उपचार गर्नुपर्छ भन्ने धेरैले ख्याल गर्दैनन् । गिजाको रोग लाग्नलाई उमेरले फरक पारेको हुँदैन, कोही ९० वर्षका मानिसको पनि दाँत र गिजा स्वस्थ हुन्छ, कोही २० वर्षकै युवाको दाँत झरिसकेको हुन्छ । यो उमेरले होइन, दाँतमा फोहोर जम्दै गएपछि लाग्ने रोग हो ।

दाँत ब्रस गरेर मात्र हुँदैन, ब्रस गर्दा ६० प्रतिशत मात्र सफा हुन्छ । त्यसैले ब्रस सँगसँगै डेन्टल फ्लस, इन्टर डेन्टल ब्रस वा टुथ पिकले सफा गर्नुपर्छ ।

गिजा अस्वस्थ छ भने मिर्गौंला, मुटुजस्ता अंगमा पनि संक्रमण हुन सक्छ ।

गर्भवती महिलामा हर्मनले गर्दा गिजाको रोग लाग्न सक्छ । गर्भावस्थामा एक्सरे गर्न र औषधि प्रयोग गर्न मिल्दैन, त्यसैले गर्भवती हुनु पूर्व एकपटक गिजा र दाँतको चेक गराउनुपर्छ । गर्भवती महिलामा गिजाको रोग छ भने समयभन्दा पहिले नै कम तौल भएको बच्चा जन्मिन सक्छ ।

के कारणले लाग्छ रोग ?

- सरसफाइको कमी,
- दाँतको उपचार गर्ने तर गिजाको उपचार नगर्ने बानी,
- हर्मोनको गडबढी,
- खाना खाएपछि कुल्ला नगर्ने बानी,
- दाँतको 'डिप' सफा नहुँदा,
- धूमपानले गर्दा गिजामा हुने इन्फेक्सन (धूमपान गर्ने मानिसलाई नगर्ने मानिसभन्दा ७ गुणा बढी इन्फेक्सन हुन्छ),
- ब्लड सुगर नियन्त्रणमा नहुँदा,
- दाँत सफा नगर्ने बानी,
- परिवारमा कसैलाई गिजा सम्बन्धी रोग छ भने अन्यलाई सर्ने सम्भावना, आदि ।

गिजारोग लाग्न नदिन के गर्ने ?

- गिजा र दाँत सफा गर्न दिनमा दुई पटक ब्रस र फ्लस गर्ने ।
- कार्बोहाइड्रेड भएको खाना खाएपछि कुल्ला गर्ने बानी बसाल्ने ।
- कुनै बेला दुई दाँतको बीचमा खानाका टुक्रा फसिरहेको हुन्छ, जसले गर्दा मुखमा गम्भीर असर पर्छ । त्यसका लागि प्रत्येक पटक खाना खाएपछि फ्लसिङ वा कुल्ला गर्नुपर्छ ।
- सास गन्हाउने र ब्रस गर्दा रगत आउने भयो भने गिजा स्वस्थ नहुन सक्छ । त्यसैले दन्त चिकित्सकसँग सल्लाहा गर्नुपर्छ ।
- हरेक ६-६ महिनामा दाँत परीक्षण गराउने ।
- धूमपान र सुर्ती सेवन गर्नु हुँदैन ।

उपचार र बच्ने उपचार

पहिलो चरणमै बिरामी आए भने एउटा सुइ पनि लगाउनुपर्दैन । अचेल गिजाको 'फ्ल्याप सर्जरी' हुन्छ । त्यसमा गिजालाई सुइ दिएर खोलेर सफा गरिन्छ । यस्तै 'लेजर'बाट पनि गिजाको सफाइ हुन्छ ।

गिजाको रोगको उपचार त्यति गाह्रो छैन । पहिलो त 'डिप' सफाइ नै हो । ब्रस राम्रोसँग गर्नुपर्छ, नजानेको भए चिकित्सकसँग सिक्न पनि सकिन्छ । बेला-बेलामा दन्त चिकित्सकसँग परीक्षण गर्ने । दिनमा दुई पटक ब्रस गर्ने, इन्टर डेन्टल ब्रसले सफा गर्ने र फ्लस गर्ने ।

खाना वा गुलियो चिज खाइसकेपछि कुल्ला गर्ने बानी बसाले हामी यो रोग लाग्नबाट जोगिन सक्छौं ।

(डा. सिंह पेरिओडोन्टोलोजी एन्ड ओरल इम्प्लान्टोलोजीकी अध्यक्ष हुन्)

- स्वास्थ्य खबर

लनगोलमा पनि ब्याडमिन्टन कोर्ट निर्माण

कीर्तिपुर । कीनपा वडा नं. ६ स्थित लनगोलमा ब्याडमिन्टन कोर्ट निर्माण गरेको छ । स्थानीय खेलप्रेमी साथीहरुको सक्रियतामा बाबु होमस्टेको सहयोगमा संस्कार चाइल्ड ड केयर सेन्टर स्कुलमा ब्याडमिन्टन कोर्ट निर्माण भएको ब्याडमिन्टन खेलाडी एवं कोचर राजमान महर्जनले सहिदलाई बताउनुभएको हो ।

विहान दैनिक ५:३० देखि ७ बजे स्थानीयलाई खेलको प्रशिक्षण दिने काम भैरहेको कोचर महर्जनले बताउनुभयो ।

बेलुका पनि खेल्न मिल्ने गरी लाइटको व्यवस्था गरिएको छ भने प्रशिक्षार्थीबीच प्रतिस्पर्धा पनि भैरहेको वहाँले जानकारी दिनुभयो ।

स्वास्थ्यको लागि ब्याडमिन्टन खेल अति उत्तम भएकोले कीर्तिपुर क्षेत्रमा ब्याडमिन्टन कोर्टको निर्माण क्रम द्रुत गतिमा भैरहेको छ भने नयाँ खेलाडीहरु पनि उत्पादन हुने क्रम बढ्दो छ ।

पुष्पसदन स्कुल चेसका लागि भारतको कोलकाता प्रस्थान

कीर्तिपुर । अलेखइन चेस क्लव, गोर्की सदन, कोलकाता भारतको आयोजनामा हुन लागेको 'द टेलिग्राफ स्कुल्स चेस २०१८' अन्तर्राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा सहभागी हुनका लागि पुष्पसदन स्कुलका ३ जना खेलाडी तथा व्यवस्थापक गरी ४ जनाको टोली माघ ११ गते त्यसतर्फ गएको छ ।

प्रतियोगितामा सहभागी खेलाडीहरुमा पुष्पसदनका कक्षा ९ मा अध्ययनरत खुसीराम गुरुङ्ग, दिवस न्यौपाने, रोशन आचार्य छन् भने व्यवस्थापकमा अतिरिक्त क्रियाकलापका प्रमुख राजु लामा सहभागी हुनुहुन्छ ।

२०७४ माघ १३ देखि १८ गतेसम्म स्विसलिग अन्तर्गत जम्मा ९ राउण्डको खेलमा प्रतिस्पर्धा हुनेछ ।

उक्त टोलीलाई विद्यालयले माघ ११ गते बिदाई गरेको थियो ।



राजनीति जस्तै.....

शुभकामना व्यक्त गर्दै भाषा र साहित्यको विकासमा निरन्तर लागिरहनुपर्ने बताउनुभयो ।

जनगायक रामकृष्ण दुवालले संस्कृतिको उत्थान गर्न भाषा साहित्यका माध्यम उपयुक्त हुने बताउँदै दाफा भजनको साहित्यमा अनुसन्धान गर्नुपर्ने बताउनुभयो ।

स्थानीय ज्येष्ठ नागरिक एवं पुराना कम्युनिष्ट अगुवा इन्द्रमान महर्जनबाट पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन भएको कार्यक्रमको सभापतित्व लेखक एवं साहित्यकार रामचन्द्र महर्जनले गर्नुभएको थियो ।

कार्यक्रममा प्रतियोगी साहित्यको कविता विधातर्फ प्रथम रामशरण महर्जन (लिच्वया सवा), द्वितीय मदन श्रेष्ठ (देया दुनेनं मिच्याकिगु हे जुल), तृतीय नरमान महर्जन (गथे जुइन थ्व दे:) हुनुभएको थियो भने सुवर्ण महर्जन र विनिश्का महर्जनले सान्त्वना स्थान हासिल गर्नुभएको थियो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्यद्वय सनकमान महर्जन, राजवीर डंगोल, नारायण महर्जन, हरिकुमार महर्जन, सुनेना महर्जनलगायतले जनसाहित्यका विविध पक्षबारे चर्चा गर्नुभको थियो।

उहाँहरुलाई प्रमुख अतिथि सांसद प्रेम सुवालले पुरस्कार वितरण गर्नुभएको थियो ।

ग्यारेन्टी उपचार
नशा च्यापिएको घुँडाको दुखाई
आश्चर्यजनक रुपमा ग्यारेन्टी निको पार्ने
♦ जाँड-रक्सीको कुलत ग्यारेन्टी छुटाउने
♦ मुखै नबारीकन सुगर कन्ट्रोल गर्न
♦ महिला/पुरुषको यौन पावर बढाउन
♦ पेतको दाग अनुहारको चाँयापोतो हटाउन
♦ भूँडी घटाउन/शरीरको तौल बढाउन
♦ स्तन घटाउन, बढाउन/टाईट पार्न
फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग
दुरसंचारको गेटसँगै
फोन नं. ४३३६७०१
९८०३५०२२५९, ९८४१९८१९७६
Free Home Delivery
Not For Medicinal Use